# सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

वाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

बैठक मिति: २०८३।०३।०६
बैठक प्रारम्भ:

बैठक संख्या : २०
बैठक समापन समय :

आ.व. ०८२।०८३ को **बिसौं** कार्यपालिका बैठक मिति २०८३।०३।०६ गते शनिबारको दिन यस सभापोखरी गाउँपालिका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा तपसिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा कार्यापालिका बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भीम बहादुर लिम्बु | गा.पा.अध्यक्ष | | |
| २. | श्री लक्ष्मी चापागाई | गा.पा.उपाध्यक्ष | | |
| ३. | श्री इश्वर पुलामी मगर | वडाध्यक्ष वडा नं. १ | | |
| ४. | श्री राज कुमार राई | वडाध्यक्ष वडा नं. २ | | |
| ५. | श्री दिल वहादुर तामाङ | वडाध्यक्ष वडा नं. ३ | | |
| ६. | श्री शुकराज लिम्बु | वडाध्यक्ष वडा नं. ४ | | |
| ७. | श्री मनिष हाङ्गाम लिम्बु | वडाध्यक्ष वडा नं. ५ | | |
| ८. | श्री जितेन्द्र ओनेम फागो | वडाध्यक्ष वडा नं. ६ | | |
| ९. | श्री पृथ्वी नारायण राई | कार्यापालिका सदस्य | | |
| १०. | श्री टंक बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| ११. | श्री कविता लिम्बु | कार्यापालिका सदस्य | | |
| १२. | श्री जमुना राई | कार्यापालिका सदस्य | | |
| १३. | श्री शुसिला राई | कार्यापालिका सदस्य | | |
| १४. | श्री बेल कुमारी विश्वकर्मा | कार्यापालिका सदस्य | | |
| १५. | श्री बुकु प्रसाद आचार्य | प्रमुख प्रशासकीय अधिकृत | | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | प्रस्ताब | सभापोखरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०३।०६ गतेको निर्णय |
|---|---|---|
| १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फको सम्पन्न भएका आधारभूत अस्पताल संचालन खर्च शिर्षकबाट सभापोखरी आधारभूत अस्पतालको ल्याब पार्टेशन तथा पहिरो नियन्त्रण गर्ने सम्बन्धमा। | प्रस्ताब नं १ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा नेपाल सरकारबाट बिनियोजन तथा निकासी भएको बजेट खर्च शिर्षक २.७.२२.४६४८ निर्माण कार्य सम्पन्न भएका आधारभूत अस्पताल संचालन खर्चमा बिनियोजन तथा निकासा प्राप्त भएको रकम रु ४७,७८,०००।०० मध्येबाट सभापोखरी आधारभूत अस्पतालको ल्याब पार्टेशन टिकट काउण्टरमा ट्रष्ट निर्माण र पहिरो नियन्त्रण सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम कार्यालयमा सुचीकृत भएका फर्महरुबाट दररेट माग गरी रु १०,००,०००।०० अक्षेरुपी दश लाख भित्र रहेर निर्माण कार्य गर्ने गराउने निर्णय गरियो। |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फको सम्पन्न भएका आधारभूत अस्पताल संचालन खर्च शिर्षकबाट सभापोखरी आधारभूत अस्पतालको लागि फार्मेसी स्चालन गर्न सफ्टवयर खरिद गर्ने सम्बन्धमा। | प्रस्ताब नं २ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा नेपाल सरकारबाट बिनियोजन तथा निकासी भएको बजेट खर्च शिर्षक २.७.२२.४६४८ निर्माण कार्य सम्पन्न भएका आधारभूत अस्पताल संचालन खर्चमा बिनियोजन तथा निकासा प्राप्त भएको रकम रु ४७,७८,०००।०० मध्येबाट सभापोखरी आधारभूत अस्पतालको फार्मेसी सेवा संचालनको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम कार्यालयमा सुचीकृत भएका फर्महरुबाट दररेट माग गरी तोकिएको बजेट सिमा रु ५०००००।०० भित्र रहेर सफ्टवयर खरिद गर्ने गराउने निर्णय गरियो। |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फको सम्पन्न भएका आधारभूत अस्पताल संचालन खर्च शिर्षकबाट सभापोखरी आधारभूत अस्पतालको लागि सर्जिकल सामाग्री खरिद गर्ने सम्बन्धमा। | प्रस्ताब नं २ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा नेपाल सरकारबाट बिनियोजन तथा निकासी भएको बजेट खर्च शिर्षक २.७.२२.४६४८ निर्माण कार्य सम्पन्न भएका आधारभूत अस्पताल संचालन खर्चमा बिनियोजन तथा निकासा प्राप्त भएको रकम रु ४७,७८,०००।०० मध्येबाट सभापोखरी आधारभूत अस्पतालको फार्मेसी सेवा संचालनको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम कार्यालयमा सुचीकृत भएका फर्महरुबाट दररेट माग गरी रु ७०००००।०० भित्र रहेर सर्जिकल सामाग्री खरिद गर्ने गराउने निर्णय गरियो। |
| ४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फको सम्पन्न भएका आधारभूत अस्पताल संचालन खर्च शिर्षकबाट सभापोखरी आधारभूत अस्पतालको लागि कम्प्यूटर र प्रिन्टर खरिद गर्ने सम्बन्धमा। | प्रस्ताब नं ३ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा नेपाल सरकारबाट बिनियोजन तथा निकासी भएको बजेट खर्च शिर्षक २.७.२२.४६४८ निर्माण कार्य सम्पन्न भएका आधारभूत अस्पताल संचालन खर्चमा बिनियोजन तथा निकासा प्राप्त भएको रकम रु ४७,७८,०००।०० मध्येबाट सभापोखरी आधारभूत अस्पतालको फार्मेसी सेवामा १ थान, ल्याबमा १ थान, डक्टरको ओपिडीमा १ थान, टिकट काउण्टरमा १ थान, ईमर्जेन्सीमा १ थान, गरी जम्मा ५ थान डेस्क्टप कम्प्यूटर र सोही अनुसार प्रिन्टर सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम कार्यालयमा सुचीकृत भएका फर्महरुबाट दररेट माग गरी ७०००००।०० बजेट सिमाभित्र रहेर खरिद गर्ने गराउने निर्णय गरियो। |
| ५ | "सडक दूर्घटनामा परी घाईते भएको पिडितलाई उपचार खर्च तथा सहयोग भुक्तानी सम्बन्धमा। | प्रस्ताब नं ५ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको नाममा रहेको बा १ झ ५९२ नं को स्कारपियो गाडी धनकुटा कार्यक्रमबाट फर्कनेक्रममा खाँदबारी नगरपालिका वडा नं १ पाठकधारा बस्ने राम कुमार श्रेष्ठको छोरी अन्दाजी बर्ष १२ की रचना श्रेष्ठ अकस्मात गाडीमा ठोकिन गई दाहिने खुट्टा भाँचिएको र निजलाई खाँदबारी अस्पतालमा सामान्य उपचार पश्चात बिराटनगर मेडिकल कलेज बिराटनगर मोरङमा लागि उपचार गराईएकोमा उपचारमा लागेको खर्च रकम रु १०७८५५।०० आइतराज राईलाई सोधभर्ना भुक्तानी दिने निर्णय गरियो। निज घटनामा परेकी वालिका रचना श्रेष्ठको आमा चेलिमाया श्रेष्ठलाई रु ३०,०००।०० खाना बास लगायत बिबिध खर्चको लागी खर्च शिर्षक नं ८०१०४५०४१०१ कार्यालय सञ्चालन खर्चको कर्मचारी कल्याण कोष खर्च शिर्षक २१२१४ बाट सहयोग उपलब्ध गराउने निर्णय गरियो। |
| ६ | सभापोखरी गीत निर्माण गायन तथा संगीत सम्बन्धमा। | प्रस्ताब नं ६ माथि छलफल गर्दा "सभापोखरी गाउँपालिकाको पहिचानको लागि सभापोखरी गीत निर्माण गर्ने गायन संगीत समेत तयार गर्न लगाउने र उक्त कार्यको लागि सभापोखरी गाउँपालिकाको बिबिध खर्च शिर्षक नं ८०१०४५०४१०१ कार्यालय सञ्चालन खर्च शिर्षक नं २२७११ बाट रु १,००,०००।०० खर्च गर्ने निर्णय गरियो। |
| ७ | सभापोखरी गाउँपालिकाकामा आर्थिक बर्ष २०८२।०८३ मा जन्म भएका तीन वन तीनभन्दा बढी सन्तान र जुम्ल्याहा बच्चा जन्माउने दम्पतिलाई पोषण स्याहार खर्च भुक्तानी गर्ने सम्बन्धमा। | प्रस्ताब नं ७ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाकामा आर्थिक बर्ष २०८२।०८३ मा जन्म भएका तीन वना तीनभन्दा बढी सन्तान र जुम्ल्याहा बच्चा जन्माउने दम्पतिलाई पोषण स्याहार खर्च तपशिल अनुसार भुक्तानी गर्ने निर्णय गरियो। |

| सि नं | भुक्तानी पाउनेको नामथर | ठेगाना | बच्चाको संख्या र किसिम | बच्चाक जन्म मिति | मासिक २००० का दरले हुन आउने रकम | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | जानुका खत्री भट्टराई | सभापोखरी २ | तेश्रो | ०८२।०६।२५ | १९६६६।० | |
| २ | देबीका राई | सभा ४ | तेश्रो | ०८२।७।१८ | १७२००।० | |
| ३ | चन्द्रकला तामाङ | सभा ६ | तेश्रो | ०८२।५।१८ | २१२००।० | |
| ४ | प्रेक्षालक्ष्मी मगर | सभा १ | चौथो | ०८२।४।४ | २२२६६।० | |
| ५ | निशा राई सिजाली मगर | सभा १ | तेश्रो | ०८२।५।६ | २०४००।० | |
| ६ | पुतलीमायाँ राई | सभा २ | चौथो | ०८३।२।१६ | ३०६६।०० | |

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाहबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल

भीमबहादुर

| | | |
|---|---|---|
| | सभापोखरी गाउँपालिकामा कार्यरत खा.पा.स.टे. उत्तर बहादुर राईलाई वडा नं ४ र ५ को दोहोरो जिम्मेवारी सम्हाले वापत ईन्सेन्शटिभ भुक्तानी गर्ने सम्बन्धमा। | प्रस्ताब नं ८ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा कार्यरत खा.पा.स.टे. उत्तर बहादुर राईलाई वडा नं ४ र ५ को प्रबिधिकको कार्य गर्ने गरी दोहोरो जिम्मेवारी सम्हाले वापत ईन्सेन्शटिभ रु १०,०००।०० भुक्तानी गर्ने भनी मिति २०८२।९।११ को दशौं कार्यपालिकाको निर्णय नं २० मा उल्लेख भएको तर कुन महिनाबाट भुक्तानी गर्ने भनी नखुलेकोले मिति २०८२।९।११ सम्बन्धमा मासिक ईन्सेन्टिभ रु १०,०००।०० दश हजारका दरले भुक्तानी गर्ने निर्णय पारीत गरियो। |
| ९ | बेरुजु सम्परीक्षण तथा फछर्यौट गर्न गाउँ रभामा पेश गर्ने सम्बन्धमा। | प्रस्ताब नं ९ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाबाट गरिउका बिभिन्न आर्थिक बर्षका बेरुजु सम्परीक्षण गर्न सार्वजनिक लेखा समितिमा पेश गरिएको सभापोखरी गाउँपालिका सार्वजनिक लेखा समितिको मिति २०८३।०२।२९ गतेको निर्णय अनुसार केरुजु सम्परीक्षण गर्न सिफारिश भई आएका निम्नानुसारका बेरुजु सम्परीक्षण तथा फछर्यौट गर्न १७ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो। |
| १० | स्काभेटर सञ्चालनको लागि इन्धन खरिद सम्बन्धमा। | प्रस्ताव नं १० माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं ६ स्थित देउराली कोक्तासिङ आपुङ सडक ट्र्याक ओपनको लागि सभापोखरी ६ बस्ने उत्तम राईले स्काभेटर माग गरी निवेदन पेश गर्नुभएकोमा गाउँपालिकाले निर्धारण गरेको दररेट अनुसारको मूल्य लिई स्काभेटर उपलब्ध गराउने निर्णय गरियो। साथै उक्त स्काभेटर सञ्चालनको लागि आ व ०८२।०८३ को चालु खर्च तर्फ ८०१०४५०४१०१ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च अन्तर्गत इन्धन कार्यालय प्रयोजन खर्च शिर्षक नं २२२१२ बाट रु ५,००,०००।०० को इन्धन खरिद गर्ने निर्णय गरियो। |
| ११ | बजेट रकमान्तर सम्बन्धमा। | प्रस्ताव नं माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आ व ०८२।०८३ मा सञ्चालन भएका तपसिल अनुसारको योजनाहरु तपसिल अनुसार बजेट रकमान्तर गर्ने निर्णय गरियो।<br>तपसिलः |

| क्र.स | सञ्चालित योजना | बजेट शिर्षक नं | रकमान्तर हुने योजना | बजेट रकम | कै |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य केन्द्रमा फलामे भर्याङ्ग निर्माण (वडा नं ४) | ३११५९ | फुसको छानो विस्थापन (तल उप-तालिका) | १०००००।०० | |
| २ | कार्यालय सञ्चालन विविध खर्च (वडा नं २) | २२३१९ | मुख्य तथा सहायक बाटो मर्मत इन्धन खरिद (खर्च शिर्षक नं ३११५१)<br>(रकमान्तर भएको योजनामा रकमान्तर भएको रकम थप गर्ने) | ६००००।०० | |
| ३ | उन्नत जानको आलु तरकारी बिउ र विषादी व्यवस्थापन | २२५२१ | वडा स्तरीय उत्कृष्ट किसान सम्मान प्रोत्साहन कार्यक्रमा<br>(रकमान्तर भएको योजनामा रकमान्तर भएको रकम थप गर्ने) | २००००।०० | |
| ४ | सिचाइ पाइप खरिद (वडा नं १) | ३११५५ | वडा कार्यालय जाने बाटो ढलान | १०००००।०० | |
| | डके पसपते सडक स्तरोन्नती (वडा नं १) | ३११५१ | | ३०००००।०० | |

फुसको छानो विस्थापन:

| क्र.स | नामथर | ठेगाना | रकम | कै |
|---|---|---|---|---|
| १ | आइत वहादुर लिम्बु | सभापोखरी ४ सनेम | ५००००।०० | |
| २ | अम्बर वहादुर लिम्बु | सभापोखरी ४ गादुवा | ५००००।०० | |

सभापोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
संखुवासभा
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

भीमबहादुर लिम्बु
अध्यक्ष
सभापोखरी गाउँपालिका

सभापोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

## बेरुजु सम्परीक्षण सम्बन्धी निर्णय

निर्णय प्रमाणित
२०८२/३/१६
प्रमुख प्रशासकीय अधिकृत

| सि नं | आर्थिक वर्ष | बेरुजु दफा | बेरुजु रकम | बेरजुको किसिम | बेरजुको विवरण | गाउँ कार्यपालिकाको निर्णय | सलग्न कागजात प्रमाणहरु |
|---|---|---|---|---|---|---|---|
| १ | ०८१।८२ | ३० | ७१,४४,९०२। | नियमित गर्नुपर्ने | स्वीकृत दरबन्दी बाहेकका करार कर्मचारी नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको नियमसंगत नदेखिएको। | स्थानीय सरकार स्थानीय बिकास निर्माणका कार्यलाई प्रभावकरी रुपका कार्यान्वयन गर्न जनतालाई घर दैलोमा सेवा प्रवाह गर्न गठन भएको जनताको सरकार हो र सरकारको सेवा प्रवाह गर्ने मुख्य हतियार कर्मचारी भएकोले अति आबस्यक प्राबिधिक कर्मचारी नियुक्ति गरी कामकाज लागईएको हो। स्थानीय सरकार संचालन ऐन २०७४को दफा ११ को उपदफा २ (ङ)ले स्थानीय सेवाको व्यबस्थापन कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय सरकारमा रहेको। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ को उपनियम (१) मा करार सेवामा जनशक्ति व्यबस्थापन गरी सेवा प्रदान गर्न सक्ने व्यबस्था उल्लेख छ। यसैगरी कोशी पेरदेश सरकारले जारि गरेको स्वास्थ्यकर्मी करार सेवा सम्बन्धी कार्यबिधी २०७९ मा उल्लेखित व्यबस्थाका आधारमा र केही कर्मचारी साबिक गा बि स हुँदैबाट कार्यरत रहेको हुँदा निजहरुलाई कामकाज लगाई तलब भत्ता भुक्तानी गरिएको हो अतः माथि उल्लेखित खर्च नियमसंगत् भएकोले नियमित गरिदिन र बेरुजु सम्परीक्षण गर्न महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो। | -स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा उल्लेखित व्यबस्था। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा उल्लेखित व्यबस्था। स्वास्थ्यकर्मी करार सम्बन्धी कार्यबिधि २०७९ |
| २ | ०८१।०८२ | ३१ | २०,८८,०००।०० | नियमित गर्नुपर्ने | गाउँपालिकाको आन्तरीक आय समेत बिचार नगरी र कार्यबिधि नबनाई कर्मचारी प्रोत्साहन भत्ता उपलब्ध गराएको नियम संगत नदेखिएको। | गाउँपालिकामा कार्यरत कर्मचारीहरुले तोकिएको समय भन्दा बढी समय काम गर्नुपर्ने हुन्छ। जोखिम मोलेर जनताको घर दैलोमा पुगेर झरी बादल बर्षामा समेत सेवा गर्नु पर्दछ। जनताको सेवा प्रवाहमा खटिने कर्मचारीहरुलाई स्थानीय सरकारले निर्णय गरी प्रोत्साहन भत्ता उपलब्ध गराएको हो। आगामी दिनमा आन्तरिक श्रोत हेरी कार्यबिधि बनाएर मात्र यस्ता सुबिधा उपलब्ध गराउने वा नेपाल सरकारले निर्धारण गरे अनुसार सेवा सुबिधा उपलब्ध गराउने प्रतिबद्धता गर्दै उक्त बेरुजु रकम गाउँसभाबाट फछर्यौट गरी सम्परिक्षण गर्न महालेखापीक्षकको कार्यालयमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो। | -गाउँपालिकाको निर्णय। |
| ३ | ०८१।०८२ | ३८ | ९६,०००।०० | नियमित गर्नुपर्ने | अनुमति नलिई (Remotly Piloted Aircraft) RPA खरिद तथा संचालन गरेको। | सभापोखरी गाउँपालिकाले खरिद गरेको ड्रोन क्यामेरा अनुमानित १ के जी तौल बराबरको क्यामेरा हो। मानब रहित हवाई उपकरण Remotly Piloted Aircraft) RPA उडान सम्बन्धी कार्यबिधि २०७५ को दफा ७ ग मा सेवा प्रवाह तथा बिकास व्यबस्थापनमा प्रयोग गर्न सकिने व्यबस्था छ। ऐ कार्यबिधिको दफा १४ को क मा का category "A " र Category "B" का २ केजी सम्म तौल भएका ड्रोन क्यामेरा उडान गर्न अनुमति लिनु नपर्ने व्यबस्था छ। ऐ ख मा नेपाल सरकारका संघीय प्रादेशिक र स्थानीय तहका सरकारी कार्यालयहरुले सरकारी कार्य प्रयोजनका लागि २०० फिटसम्म स्थानीय प्रशासन र प्रहरीलाई जानकारी गराई उडान गर्न सक्नेछन भन्ने व्यबस्था रहेकोले उक्त ड्रोन क्यामेरा खरिद तथा संचालन कानुन सम्मत छ। तसर्थ उक्त बेरुजु गाउँसभाबाट फछर्यौट गरी सम्परिक्षण तथा लगत कट्टा गर्न महालेखापरीक्षकको कार्यालयमा सिफारिस सहित | - मानब रहित हवाई उपकरण Remotly Piloted Aircraft) RPA उडान सम्बन्धी कार्यबिधि २०७५ को दफा ७ र १४ को फोटोकपी |

सभापोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

भीमबहादुर
अध्यक्ष

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुरोध गर्ने निर्णय गरियो। | |
| | ०८१।०८२ | ३१ | १,३६,८९५।०० | नियमित गर्नुपर्ने | शिक्षक छनौट परीक्षामा जनशक्तिलाई पारिश्रमिक बैठक भत्ताका अतिरिक्त खाना खाजाको बील भुक्तानी गरिएको | ग्रामिण क्षेत्रका सामूदायिक विधालयहरुका आन्तरिक श्रोत नहुने र सरकारी श्रोत समेत नजाने भएको र बाहिरबाट आमन्त्रण गरिएका बिज्ञहरु बिहान देखी बेलुकासम्म खटिनु पर्ने भएकोले खाना तथा खाजा खुवाईएको हो। अतः आगामी दिनमा उक्त खर्च नगर्ने नगराउने प्रतिबद्धता सहित उक्त बेरुजु रकम गाउँसभाबाट नियमित तथा फछर्यौट गरी सम्परिक्षण गर्न महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो। | गाउँपालिकाको प्रतिबद्धता पत्र |
| ५ | ०८१।०८२ | ५१ | १०,८५,०००।०० | नियमित गर्नुपर्ने | अन्य संस्था सहायता तथा कार्यालयको खर्च | नेपाल सरकारले समन्वय सहकार्य र सहअस्तित्व को निति अबलम्बन गरेको र ३ खम्बे अर्थनीति लिएको बिदितै छ। सकरात्मक सोच राखी गरिने संस्थागत र समूहिक परिवर्तनका कार्यहरु नै बिकास हो।गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका सरकारी तथा गैह सरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी बिकास निर्माणका कार्य संचालन गर्नु र सेवा प्रवाह गर्नुपर्ने हुन्छ। स्थानीय सरकार संचलन ऐन २०७४को दफा ११ को उपदफा २ज (२२) मा शिक्षण सिकाई शिक्षक तथा कर्मचारीको क्षमतम बिकास गर्ने अधिकार रहेको छ। दफा १५ मा गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरमा बिकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता निजी क्षेत्र सामुदायिक संघ संस्था सहकारी संस्था तथा गैह सहकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्धनलाई प्रोत्साहन गर्न सक्नेछ। भन्ने व्यबस्था रहेकोले गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा र निर्णय गरी गरिएको खर्च कानुन सम्मत भएकोले गाउँसभाबाट उक्त बेरुजु फछर्यौट गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो। | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ र १५ मा उल्लेखित व्यबस्थाको फोटोकपी। |
| ६ | ०८१।०८२ | ६१.३ | ५२,००,०००।०० | नियमित गर्नुपर्ने | गाउँपालिकाको चालु र वाल बिकास अनुदान बाट समेत करारमा शिक्षक राखी तलब भत्ता खुवाएको नियमित देखिएन। | दुर्गम पहाडी क्षेत्रमा शिक्षकहरु कम बस्ने र बिधार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी समेत कम भएको र दूर्गम क्षेत्रमा बसोबास गर्ने बिपन्न नागरीकका छोरा छोरीलाई शिक्षा दिनबाट बन्चित गराउन नसकिएको साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११को २(ज ) मा माध्यमिक शिक्षा सम्मको अधिकार स्थानीय तहमा भएकोले पठनपाठनलाई सुचारु रुपमा संचालन गर्न शिक्षक करारमा नियुक्ती गरी तलब भत्ता भुक्तानी गरिएको हो। शिक्षककव स्थायी दरबन्दी व्यबस्थापन पश्चात करार शिक्षक नियुक्ति नगर्ने प्रतिबद्धता साथ बेरुजु गाउँसभाबाट नियमित फछर्यौट गरी सम्परीक्षण लगत कट्टाको लागि गाउँपालिका मार्फत महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो। | विधालय सुधार योजना प्रतिवेदनहरु। |
| ७ | ०८१।०८२ | ६२.१ | ६,२४,५५०।०० | नियमित गर्नुपर्ने | ५ नं वडा कार्यालयको कम्पाउण्ड वाल ठेक्काबाट गराउनु पर्नेमा उपभोक्ता | सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७मा रु १ करोडसम्मका आयोजनाहरु उपभोक्ता समितिबाट निर्माण गराउनुपर्ने व्यबस्था छ। रु १० लाखभन्दा माथिका ठेक्काबाट र १ लाख सम्मका आयोजना मात्र अमानतबाट गराउने कानुनी व्यबस्था छ। अत वडा कार्यालयको वाल निर्माणको ६,२४,५५०।०० को कार्य कसलाई दिने ? कानुनी आधारमा रहेर गरिएको कार्य नियमसंगत छ। आगामी दिनमा यस प्रकारका कार्य प्रतिष्पर्धाबाट गराउने प्रतिबद्धता गर्दै उक्त बेरुजु | गाउँपालिकाकोअनुरोध पत्र। |

भीमबहादुर लिम्बु

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | समितिबाट गराएकोले अनियमित देखिएको। | रकम गाउँसभाबाट नियमित गरी सम्परिक्षणका लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो। | निर्णय प्रमाणित प्रमुख प्रशासकीय अधि |
| ८ | ०८१।०८२ | ६२.२ | २,८५,७३१।०० | नियमित गर्नुपर्ने | शिर्षक फरक पारी खर्च गरिएको रकम नियमित गर्नुपर्ने। | सभापोखरी गाउँपालिकाबाट आर्थिक बर्ष ०८१।०८२मा गरिएका सूचना प्रकाशन र फ्रिज खरिदमा भएको खर्च फरक शिर्षकबाट पर्न गएकोले आगामी दिनमा सुधार गर्ने प्रतिबद्धता सहित उक्त रकम गाउँसभाबाट नियमित फछ्यौंट गरी सम्परिक्षण तथा लगत कट्टा गर्न महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो। | |
| ९ | ०८१।०८२ | ६३.३ | ४३,४६,८३८।०० | नियमित गर्नुपर्ने | नर्म्सभन्दा बढी ४० एम एम मोटाईको कार्य गराई भुक्तानी दिएको। | सभापोखरी गाउँपालिकाको सभाखोला पुलदेखि बगैचा हुँदै धुपुखोला पुलसम्म सडक कालोपत्रे गर्ने कार्यमा Primix carpeting 40 mm मोटाई राखी निर्माण गरिएको ठीक हो। बिकास निर्माणका कार्य गर्दा देखाउने हैन टिकाउ र भरपर्दो हुनु पर्दछ। ठाउँ र अबस्था अनुसार कार्य सम्पादन गर्ने गराउने नर्म्स फरक हुनुपर्दछ। पहाडको भीरालो सतह भएको जमिन रहेको र हाईड्रोका भारी सवारी साधनको आवत जावत हुने हुँदा बाक्लो मोटो 40 mm मोटाई पीच गर्न आबस्यक थियो। नर्म्सभन्दा बढी मोटाई भएको भए तापनि जनप्रतिनिधी प्राबिधिक स्थानीय राजनैतिक दलका प्रतिनिधीहरुकोमाग र रोहबरमा कार्य गराई अनुगमन गरी गुणस्तर समेत चेक जाँच गराई भुक्तानी दिएको रकम नियम संगत छ र सरकारी हानी नोक्सानी समेत भएको छैन तसर्थ उक्त बेरुजु गाउँसभाबाट नियमित फछ्यौंट गरि सम्परीक्षण तथा लगत कट्टा गर्न महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो। | |
| १० | ८०।८१ | १०१.४ | ५९,३२,०००। | निर्माण कार्य सुरु नभएकोले नियमानुसार काबाही वा जमानत अशुल उपरको प्रमाण पेश गर्नुपर्ने। | नियमित पछ्यौंट गर्नुपर्ने | सभापोखरी गाउँपालिकाको कार्यालयले आर्थिक बर्ष ०७७।०७८मा ठेक्का नं ८।०७७।०७८ बाट संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ७० प्रतिशत अर्थात ३५० लाख र सभापोखरी गाउँपालिकाको कार्यालयले ३० प्रतिशत अर्थात १५० लाख लागत बेहोर्ने गरी मन्त्रालयको च नं २६० मिति २०७७।११।०५ गतेको पत्र अनुसार ठेक्का खोली सम्झौता गरी गराई गाउँपालिकाले च नं १०५८ मिति २०७७।११।१३मा अनुसुची २ बमोजिमको ढाँचामा फारम सहित बजेट निकासा मागको लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गरिएको तर मन्त्रालयले आफैले प्रतिबद्धता गरी उपलब्ध गराएको शर्त सहितको पत्रलाई आफैले कार्यान्वयन नगरेको। राजनैतिक दबाब र जनप्रतिनिधीको प्रेसरमा ठेक्का खोलिएको र उक्त ठेक्का मिति २०७८।१०।१८ मा जय-धनन्जय, श्री महागौरी, अरुण-बरुण जे. भी. संग रु ३,४४,२३,९२६/०० मा मिति २०७८।१०।०८ मा त्रिवेणीधाम, बाहबिसे सभापोखरी पर्याटकीय क्षेत्र निर्माण आयोजना खरिद सम्झौता भएको तर joint survey समेत हुन नसकेको, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसंग पटक-पटक बजेट निकासा उपलब्ध गराई दिन अनुरोध गर्दा समेत बजेट उपलब्ध नगराएको र सभापोखरी गाउँपालिकाको कार्यालयले समेत उक्त आयोजनाको लागि बजेट बिनियोजन नगरेकोले त्रिवेणी धाम सभापोखरी पर्यटकीय स्थलको निर्माण कार्य संचालन हुन नसकेको। निर्माण व्यवसायीले पेश्की माग गर्दा समेत पेश्की रकम दिनसक्ने अबस्था समेत नरहेको। | गाउँपालिकाको अनुरोध पत्रा सार्वजनिक लेखा समिति निर्णय, गाउँपालिकाको निर्णय मन्त्रालयमा बजेट माग गरिएका पत्रहरु खरिद सम्झौतासंग सम्बन्धित कागजातहरु |

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाहबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

बहादुर लिम्बु

| आर्थिक बर्ष | बेरुजु दफा | बेरुजु रकम | बेरजुको किसिम | बेरजुको विवरण | गाउँकार्यपालिकाको निर्णय | संलग्न कागजात प्रमाणहरु |
|---|---|---|---|---|---|---|
| ०८१।०८२ | १४ | १२,१८,७३४। | नियमित गर्नुपर्ने | चालु प्रकृतिको भुक्तानी दायित्व नियमसंगत देखिएन | सभापोखरी गाउँपालिकाको आर्थिक बर्ष ०८०।०८१को बिधुत नभएर नेट नभएर शुत्र ह्याङ भएर समयमा भुक्तानीको लागि पेश नभएर बिभिन्न कारणबाट भुक्तानी दिन दायित्व सृजना भएको चालु प्रकृतिको रकम गाउँ कार्यपालिका र गाउँसभाबाट समेत अनुमोदन भई आर्थिक बर्ष ०८१.८२ मा दायित्व सरेको हो। आगामी दिनमा यस प्रकारका खर्चलाई सुधार गरी बिधि र प्रकृया भित्र रही खर्च गर्ने गरी माथि उल्लेखित बेरुजु गाउँसभाबाट सम्परीक्षण तथा फछ्यौंट गरी बेरुजु लगत कट्टाको लागि महालेखापरीक्षकको कार्यालयमा सिफारिश गर्ने निर्णय गरियो। | गाउपालिका निर्णय कार्यालयको पत्र |

प्रमुख प्रशासकीय अधिकृत

**१२** सभापोखरी कप २०८३ अन्तरपालिका आमन्त्रित पुरुष तथा महिला भलिवल खेलकुद संचालनमा भएको खर्च भुक्तानी सम्बन्धमा।

प्रस्ताव नं माथि छलफल गर्दा सभापोखरी गाउँपालिकामा सभापोखरी कप २०८३ अन्तरपालिका आमन्त्रित पुरुष तथा महिला भलिवल खेलकुद संचालनमा भएको खर्च भुक्तानी सम्बन्धमा पालिका कप २०८३ मा बिनियोजन भएको खर्चबाट नपुग हुने रकम तपशित अनुसारको खर्च सभापोखरी गाउँपालिकाको आ ब ०८२।०८३ मा स्वीकृत खर्च शिर्षक नं ८०१०४५०४१०१ कर्मचारीको योगदानमा आधारित सामाजिक सुरक्षा कोष खर्च संकेत नं २१२११ बाट रु १४,३४,३५३।०० भुक्तानी गर्ने निर्णय गरियो। उक्त भुक्तानी भएको सम्पूर्ण खर्चको जिम्मेवारी गाउँ कार्यपालिकाले लिने निर्णय गरियो।

तपशिल

| सि नं | भुक्तानी पाउनेको नामथर | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री प्रमोद भट्टराई | ३०,०००।०० | क्यामेरामेनको पारिश्रमिक भुक्तानी सोधभर्ना |
| २ | जनता प्रेस एण्ड सप्लायर्स | ५१५४३८।०० | खेलकुद सामग्री खरिद |
| ३ | कबिन स्टोर | २८३२५।०० | खेलकुद कार्यक्रम संचालन तथा व्यबस्थान सामान खरिद |
| ४ | सुबास स्टोर्स एंणड सप्लायर्स | ३७८३०।०० | खेलकुद कार्यक्रम संचालन तथा व्यबस्थान सामान खरिद |
| ५ | ओनेम स्टोर्स एण्ड सप्लायर्स | ९४५०।०० | खेलकुद कार्यक्रम संचालन तथा व्यबस्थान सामान खरिद |
| ६ | हिमाल ईलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन | २११०००।०० | खेलकुदको ईलेक्ट्रोनिक डिस्प्ले प्रशारण र फलामको मंच साउण्ड सिष्टम व्यबस्थान खर्च |
| ७ | बाह्रबिसे होटल एण्ड लज | १०८२०।०० | सुरु दिन १।२७ गते गाउँपालिकाका खेलाडीहरुको खाना र बास खर्च |
| ८ | बिपना होटल | २७९४००।०० | कोच व्यबस्थापक स्वयंसेवक अफिसियल· सुरक्षाकर्मी स्वास्थ्यकर्मी लगायतको बिहानको खाना र खाजा खर्च ७ दिनको |
| ९ | बिनु खाजा नास्ता होटल | २४४००।०० | गाउँपालिकाका महिला खेलाडीको खाना र खाजा खर्च |
| १० | बाह्रबिसे भोजपुरे होटल | १२१९४०।०० | ११ जना रेफ्रीको खाना खाजा र बास खर्च |
| ११ | ईमेज होटल | ६९८५०।०० | पालिका भित्रका पुरुष र स्थानीय महिला खेलाडी र १जना रेफ्रीको खांना खाजा र बास खर्च |
| १२ | तमु होटल | १२०००।०० | अफिसियलको खाना र खाजा |
| १३ | बाँस खरिद | ५५२००।०० | ४६६ घना १२० का दरले |
| १४ | बाँसको प्यारापिट निर्माण खर्च | २८७००।०० | ४१ जना कामदारको ज्याला |
| | जम्मा रकम रु | १४३४३५३।०० | चौधलाख चौंतिस हजार तीनसय त्रिपन्न मात्र। |

सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाह्रबिसे, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

भीमबहादुर लिम्बु

CamScanner

| | | |
|---|---|---|
| | ...सेवा आ वि सिपुवामा कार्यालय सहयोगी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा। | प्रस्ताव नं १३ माथि छलफल गर्दा सभापोखरी गाउँपालिका वडा नं ६ स्थीत जनसेवा आ वि सिपुवाका कार्यालय सहयोगी सेवाबाट अलग हुनुभई पद रिक्त भएकोले पदपूर्ति गरिदिन विधालयको प नं २१ मिति २०८३।०२।२८ को पत्रबाट माग भई आएको हुँदा साबिक अनुसार तलब भत्ता सेवा सुबिधा उपलब्ध गराउने गरी कार्यालय सहयोगी करार सेवामा पदपूर्ति गर्ने निर्णय गरियो। |
| १४ | सभापोखरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा बितीय उत्तरदायित्व सम्बन्धी ऐन २०८३ स्वीकृति गरी गाउँसभामा पेश गर्ने सम्बन्धमा। | प्रस्ताव नं १४ माथि छलफल गर्दा नेपाल सरकारबाट ऐनको ड्राफ्ट तयार गरी उपलब्ध गराएको सभापोखरी गाउँपालिकाको आर्थिक कार्यविधि तथा बितीय उत्तरदायित्व सम्बन्धी ऐन २०८३ दफावार छलफल गरी १७ औ गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो । |
| १५ | नपुग शिक्षक तलब भत्ता रकमान्तर तथा भुक्तानी सम्बन्धमा। | प्रस्ताव नं १५ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाबाट तलब भत्ता खाने गरी करार सेवामा नियुक्ति गरिएका शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा शिर्षक परक परि भुक्तानी भएको र लिम्बु भाषा शिक्षक वा. स. का. , सहायक लेखा, पालिका वा, स. का. र यू. डब्लु. एस. को लागि बिनियोजन भएको तलब रकम बढी भएको तर मा. वि. शिक्षक र आ. वि. शिक्षक को लागि बिनियोजित रकम घटी भएको हुँदा मा. वि. शिक्षक र आ. वि. शिक्षक को नपुग तलब लिम्बु भाषा शिक्षक वा. स. का. , सहायक लेखा, पालिका वा, स. का. र यू. डब्लु. एस. को लागि बिनियोजन मौज्दात रहेको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो। |
| १६ | विधालयमा भर्चुयल शिक्षण ई लर्निङ पुस्तकालय र बिज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यबस्थापन र संचालनको लागि विधालय छनौट सम्बन्धमा। | प्रस्ताव नं १६ माथि छलफल गर्दा विधालयमा भर्चुयल शिक्षण ई लर्निङ पुस्तकालय र बिज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यबस्थापन र संचालनको लाग विधालय छनौट सम्बन्धमा सभापोखरी गाउँपालिका वडा नं १ स्थीत श्री कालिका आधारभुत विधालय, ( १-८) लेब्राङलाई छनौट गर्ने निर्णय गरियो। साथै उक्त विधालयलाई रु १००००००।०० अक्षेरपी दश लाख मात्र भर्चुयल शिक्षण ई लर्निङ पुस्तकालय र बिज्ञान प्रयोगशाला व्यबस्थापनका लागि उपलब्ध गराउने निर्णय गरियो। |
| १७ | विपदबाट भएको क्षतिको विवरण संकलन गरी राहत तथा पूनस्थापनाको लागि जिल्ला प्रशासन कार्यलय मार्फत सरोकारवाला निकायमा माग गर्ने सम्बन्धमा। | प्रस्ताव नं १७ माथि छलफल गर्दा सभापोखरी गाउँपालाकामा मिति २०८३।०३।०३ र ४ गते आएको वर्षातबाट भएको क्षतिको विवरण संकलन गरी राहत तथा पूनस्थापनाको लागि जिल्ला प्रशासन कार्यलय मार्फत सरोकारवाला निकायमा पून निर्माणको लागि माग गर्ने निर्णय गरियो। |
| १८ | शिक्षण सहयोग रकम भूक्तानी सम्बन्धमा। | प्रस्ताव नं १८ माथि छलफल गर्दा सभापोखरी गाउँपालिका अन्तर्गत शिक्षण सहयोग अनुदान मा वि ९-१० तथा आ वि ६-८ मा नयुक्ति गरिएका अङ्ग्रेजी गणित विज्ञान विषयमा कार्यरत शिक्षकहरुलाई तलब भत्ता वापत अपूग रकम रु ४७०१६९।०० खर्च शिर्षक नं ८०१०४५०४११४ सामाजिक विकास शिक्षा तर्फको त्रिवेणी पब्लिक कलेज सञ्चालन तथा व्यवस्थापन अनुदान खर्च शिर्षक नं २६४१२ बाट भूक्तानी गर्ने निर्णय गरियो। |
| १९ | छुट इन्धन रकम भूक्तानी सम्बन्धमा। | प्रस्ताव नं १९ माथि छलफल गर्दा स्वस्तिका ट्रेड एण्ड सप्लायर्स वडा नं ३ को विगत आ व को बिल भूक्तानी छुट भई पून पेश भएको हुँदा तत्कालिन अवस्थाको मूल्यको आधारमा छुट इन्धनको रकम भूक्तानी गर्ने निर्णय गरियो। |
| २० | शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा। | प्रस्ताव नं २० माथि छलफल गर्दा सभापोखरी गाउँपालिका कार्यपालिका सदस्य श्री पृथ्वी वहादुर राई को ससुरा बुवा वर्ष ८८ का श्री दुध वहादुर लिम्बु को मिति २०८३ जेठ १६ गते र कार्यपालिका सदस्य श्री बेल कुमारी विश्वकर्माकी आमा वर्ष ८३ को श्री फूलमाया विश्वकर्मा मिति २०८३ जेठ २० गते असामयिक निधन भएको हुँदा मृत आत्माको चिर शान्तिको कामना गरी शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस भनि भगवान सँग प्रार्थना गर्दै शोक प्रस्ताव पारित गरियो। |
| २१ | | |

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

भीमबहादुर लि...
अध्यक्ष
सभापोखरी गाउँपा...

सभापोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाहबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

क्रमशः................

१०१.४ ................क्रमश

सभापोखरी गाउँपालिकाको कार्यालयबाट चलानी नं ९५९ मिति २०७८।११।१० को पत्रबाट, च नं १५४१ मिति २०८०।१२।२८ को पत्रबाट र च नं ०१ मिति २०८१।४।१।को पत्रबाट समेत बजेट माग गरिएको तर पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयबाट बजेट निकासा नभएको र संघीय सरकारबाट बजेट नआएकोले गाउँपालिकाबाट समेत उक्त आयोजनामा बजेट बिनियोजन भएको नपाईएकोले बजेट श्रोतको अभाबको कारण काम नभएको तथ्य स्पष्ट हुन्छ। मन्त्रालयले बजेट निकासा नदिएको र गाउँपालिकाबाट समेत बजेट उक्त आयोजनाको लागि बजेट बिनियोजन नभएको लंखुवाखोला र सभाखोलाको बीचमा रहेको निर्माणस्थल संरचना निर्माण गर्न योग्य स्थान समेत नरहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ४ मा उल्लेखित व्यबस्था अनुसार सुबिस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्न बाध्यतात्मक अबस्था देखिन्छ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ४ मा खरिद सम्झौतामा अन्यथा व्यबस्था भएकोमा बाहेक सार्वजनिक निकायले सार्वजनिक हितका लागी सुबिस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्न सक्नेछ। भन्ने व्यबस्था उल्लेख छ। यसरी सुबिस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्दा धरौटी जफत गर्ने नभएर निर्माण व्यबसायी फर्मको लागेको खर्च सो आयोजनाको लागि खरिद गरिएको सामाग्रीको रकम र गुमेको नाफा समेत भुक्तानी दिनुपर्ने व्यबस्था ऐनको ऐ दफा ५९ को उपदफा ५ मा उल्लेख छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२७ मा समेत सोही आशयको व्यबस्था रहेको।

मुलुकी देवानी संहिता २०७४ को दफा ५३२ सुबिधा दिनुपर्नेः व्यबस्थाको उपदफा (१)करार गर्ने पक्षहरुले एक अर्कालाई आफ्नो तर्फबाट करारको परिपालना गर्न आबस्यक पर्ने सुबिधा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुबिधा नदिएको कारणबाट करार परिपालना हुन नसकेमा त्यसरी परिपालना गर्न नसक्ने पक्ष उत्तरदायी हुनेछैन। माथि उल्लेखित कानुनी व्यबस्थालाई हेर्दा कार्यालयसंग आयोजना कार्यान्वयन गर्ने बजेट समेत स्पट नभएको र निर्माण व्यसायीले उक्त आयोजनाको पेश्की समेत नलिएको हुँदा निर्माण व्यबसायीसंग धरौटी जफत वा कुनै दण्ड जरीवाना गर्न वा रकम कलम अशुल उपर गर्न पाईने अबस्था देखिदैन।

नेपालको संबिधान २०७२ को धारा १८ को उपधारा १ सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित गरिने छैन। भन्ने व्यबस्था हेर्दा कार्यालय र निर्माण व्यबसायी फर्म (जय-धनन्जय, श्री महागौरी, अरुण-बरुण जे. भी. ) लाई समान दृष्टीबाट हेर्नुपर्ने देखिन्छ। कार्यालयले बजेट अभाबको कारण पैसा दिन सकेन काम लगाउन सकेन तर निर्माण व्यसायीले चाही काम नगरेकोले हर्जना तिर्नुपर्छ भन्नु प्रकृतिक न्यायको सिदान्त बिपरित हुन आउँछ।

माथि उल्लेखित कानुनी व्यबस्था समेतलाई हेर्दा र संस्कृति पर्याटन तथा नागरिक उड्यान मन्त्रालयले बजेट निकासा नै नदिएको अबस्था साथै गाउँपालिकाले समेत उक्त आयोजनाको लागि बजेट बिनियोजन नगरेको बजेट श्रोत सुनिश्चित नभई ठेक्का खोलिएको र बजेट नै नभएको योजनामा काम किन भएन भन्नु कानुन सम्मत नदेखिएकोले निज जय धनन्जय श्री महागौरी अरुण बरुण जे. भी. ले काम नगरेको भनी कार्यसम्पादन जमानत जफत गर्नु न्यायोचित देखिदैन।

सभापोखरी गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को १५ औ कार्यपालिका बैठक मिति २०८०।१०।२४ गतेको निर्णय नं ८ मा त्रिवेणी धाम पर्यटकीय क्षेत्र निर्माण आयोजनाको लागि सभापोखरी गाउँपालिकाबाट बजेट बिनियोजन नभएको र मन्त्रालयबाट समेत बजेट प्राप्त नभएको र आयोजनाको म्याद समेत समाप्त भएकोले थप कार्यान्वयन प्रकृया अगाडी नबढाउने निर्णय गरेको।

सभापोखरी गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को मिति २०८२।१०।०६ गते बसेको एघाह्रौ कार्यपालिका बैठकको निर्णय नं ६ ले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ४ मा खरिद सम्झौतामा अन्यथा व्यबस्था भएकोमा बाहेक सार्वजनिक निकायले सार्वजनिक हितका लागी सुबिस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्न सक्नेछ। भन्ने व्यबस्थाको आधारमा रही खरिद सम्झौता अन्त्य गर्ने निर्णय भएको । साथै निर्माण व्यबसायी फर्म (जय-धनन्जय, श्री महागौरी, अरुण-बरुण जे. भी. )ले गाउँपालिकाबाट पेश्की समेत नलिएकोले कुनै सरकारी हानी नोक्सानी नभएको।

उक्त " बाहबिसे सभापोखरी पर्याटकीय क्षेत्र निर्माण आयोजना " सभाखोला र लंखुवा खोलाको दोभानमा रहेको दुबै खोलाको किनारबाट २० मिटर क्षेत्रभित्र बीचभागमा अबस्थित रहेको नेपाल सरकारको मिति २०६५।८।१ को निर्णय अनुसारको मापदण्डमा ( No Construction Zone) भित्र पर्ने तथा सर्बोच्च अदालतको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय बिरुद्ध जनहित संरक्षण मन्चले दायर गरेको ०८१-NF-००३३ उत्प्रेषण आदेश सहितको मिति २०८२।१०।४ को फैसला नजिर अनुसार समेत योजना निर्माण योग्य स्थानमा नरहेकोले उक्त आयोजना कार्यान्वयन भएको अबस्थामा खोलामा आउने भलबाढीबाट क्षती भई सरकारी हानी नोक्सानी हुनसक्ने हुँदा निर्माण नभएकोले सरकारी नोक्सानिबाट जोगिएको देखिन्छ।

अतः माथि उल्लेखित आधार प्रमाण र कानुनी प्राबधान समेतको आधार हेर्दा र निर्माण व्यबसायी फर्म (जय-धनन्जय, श्री महागौरी, अरुण-बरुण जे. भी. )ले सभापोखरी गाउँपालिकालाई कुनै सरकारी हानी नोक्सानी नपुर्याएको हुँदा निर्माण कार्य सुरु नभएकोले नियमानुसार कारबाही वा जमानत अशुल उपरको प्रमाण पेश गर्नुपर्ने भन्ने व्यहोराको बेरुजु न्यायोचित देखींदैन। सभापोखरी गाउँपालिकाको १७औ गाउँसभाबाट बेरुजु फछर्यौट गरी बेरुजु सम्परीक्षण तथा लगत कट्टाको लागि सिफारिश गर्न सभापोखरी गाउँपालिका लेखा समिति निर्णय सहित पेश भएकोले उक्त बेरुजु सम्परीक्षण तथा फछर्यौट गर्ने निर्णय गरियो।

सभापोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाहबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

भीमबहादुर लिम्बु
अध्यक्ष
सभापोखरी गाउँपालिका